# वनगाड कुपिण्डे नगरपालिका सल्यानको
## आ.व.२०७५/०७६ को नीति तथा कार्यनीतिहरु

नगर प्रमुख : गोविन्द कुमार पुन
मिति २०७५ मंसिर १८ गते

उपस्थित नगरसभासद ज्यूहरु

वनगाड कुपिण्डे नगरपालिकाको तेश्रो गरिमामय सभामा वनगाड कुपिण्डे नगरपालिकाको आ.ब. २०७५।७६ को नीती र कार्यक्रम प्रस्तुत गर्न पाउदा मैले आफूलाई गौरवान्वित भएको महशुस गरेको छु। यस घडिमा देश र जनता प्रति सर्मपित भई आफ्नो जीवनको वलिदान दिने सम्पूर्ण सहिदहरु प्रति हार्दिक श्रद्धान्जली ब्यक्त गर्न चाहान्छु। लोकतन्त्र प्राप्तिको विभिन्न आन्दोलनमा अग्रसर भई अगुवाई गर्ने सम्पूर्ण अग्रजहरु, बेपत्ता नागरिकहरु तथा अन्य सम्पूर्ण नेपाली नागरिकहरु प्रति उच्च सम्मान समेत प्रकट गर्न चाहान्छु। नेपाली नागरिकहरुको लामो त्याग, बलिदान तथा संघर्षको प्रतिफल स्वरुप प्राप्त उपलब्धिहरुको रक्षाको लागि आफूलाई प्रतिबद्ध राख्दै थप उपलब्धिहरु हासिल गर्न प्रयत्नरत रहने प्रतिबद्धता समेत ब्यक्त गर्दछु । नेपाल सरकारले लिएको **समृद्ध नेपाल, सुखि नेपाली** को नीतिलाई सार्थक तुल्याउन र यस नगरपालिकालाई समृद्धीको बाटोमा लैजान **समृद्ध नगर, खुसि नगरबासी** को नीति अंगिकार गर्ने समेत प्रतिबद्धता ब्यक्त गर्दछु।

नेपालको संविधान ,विद्यमान एन,कानून,नियमावली सहित सुशासनको माध्यमवाट सार्वभौम वनगाड कुपिण्डे नगरवासीहरुलाई आर्थिक समानता, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक वनगाड कुपिण्डे नगरपालिकाको निर्माण गर्ने संकल्प सहित समग्र विकासको निम्ती उपलव्ध साधन श्रोतको अधिकतमरुपमा सदुपयोग , उपलव्ध साधन श्रोतको उचित विनियोजन तथा समान योजना तर्जुमा संचालन गरी प्रत्यक्ष प्रतिफलको प्राप्तीनै हाम्रो एक मात्र लक्ष्य रही आएको छ। आर्थिक वर्ष ०७५/०७६ को लागि नीति तथा कार्यक्रमहरु तर्जुमा गर्दा विगत वर्षको अनुभव ,सकारात्मक पक्षहरुको निरन्तरता सहित वनगाड कुपिण्डे न.पा.भित्र सुशासनको लागि विशेष ध्यान दिएको छु। आ.व. ०७५/०७६ को वजेट सिमा निर्धारण गर्दा **आर्थिक विकास** तर्फ कृषि,उद्योग तथा वाणिज्य ,पर्यटन,सहकारी तथा वित्तिय क्षेत्रका साथै वाह्य क्षेत्रलाई समेत महत्व दिइएको छ भने **सामाजिक विकास** तर्फ शिक्षा,स्वास्थ्य,खानेपानी तथा सरसफाई, ऐतिहाँसिक मठ ,मन्दीर, पाटी, पौवा ,गुफा,विभिन्न कला संस्कृतिको जगेर्ना ,वाताबरणीय प्रभावको अध्ययन एवं सुरक्षण का साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रलाई समेत प्राथमितकतमा राखेको छु। वनगाड कुपिण्डे नगरपालिकाको **पूर्वाधार विकास** तर्फ विभिन्न सडकहरुको गुरुयोजना सहित स्तरउन्नतीलाई प्रमुख प्राथमिकतामा समाबेश गर्दै आवश्य स्थानमा पूल निर्माण गर्ने लक्ष्य लिएको छु। प्रभावकारी संचार व्यवस्था ,सिंचाई तथा विवद्युतिकरण,भवन तथा शहरी विकास नीतिहरु पनि हाम्रो प्रमुख प्राथकितामा रहेको छ। यस्तै **वाताबरण तथा विपद व्यवस्थापन** तर्फ बन तथा भू संरक्षण,फोहर मैलाको उचित व्यवस्थापन,जलाधार संरक्षण,जलवायु पविर्तन तथा वाताबरण संरक्षण ,विभिन्न प्रकारका विपद व्यवस्थापनका लागि समेत आवश्यक नीतीहरुको तर्जुमा गरी **संस्थागत विकास तथा सेवा** प्रवाह तर्फ सामान्य सेवा,सुरक्षाको व्यवस्थापन,स्थानिय तथ्यांक अभिलेख, सूचना प्रविधि,विभिन्न अनुसन्धान तथा विकास,पञ्जीकरण व्यवस्थापन सहित सुशासन प्रवर्द्धनमा **"रहरले काम गरौ - हाँसेर सेवा गरौ "**मनसायका साथ व्यवस्थापन पक्षलाई कार्यक्षेत्रमा सक्रिय वनाई अटुट तथा गुणस्तरीय सेवा प्रदान गर्नु नै मेरो प्रमुख प्राथमिकतामा रहेको यथार्थ कटिवद्धता निवेदन गर्न चाहन्छु।

नगर सभासद ज्यूहरु

वनगाड कुपिण्डे नगरपालिकाको आ.व.०७५/०७६ को वजेट,योजना,नीति तथा कार्यनीतिहरु कार्यान्वयन गर्नु भन्दा अगाडि कार्यविधिहरु समेत अनिवार्य रुपमा निर्माण गरी वनगाड कुपिण्डे न.पा.का आवधिक योजना ,दीगो विकासका लक्ष्यहरु,विशेष गौरवका योजनजाहरुलाई निरन्तरता दिने व्यवस्था मिलाएको छु । यसका लागि वनगाड कुपिण्डे न.पा.को क्षेत्रगत नीतिहरु, रणनीतिहरु यहांहरु समक्ष प्रस्तुत गरेको छु । यसवाट परिणाम मुखी कार्य प्रणालीको विकास भई नागरिकहरु प्रति जवाफदेही जिम्मेवार र उत्तरदायी हुने विश्वास लिएको छु

हामी नेपाली नागरिकहरुको संघर्ष र वलिदानी स्वरुप प्राप्त अधिकारहरुको समुचित प्रयोग गर्दै अधिकार प्रति सचेत र नगरवासीको अमूल्य मतदानवाट प्राप्त जिम्मेवारी प्रति प्रतिबद्ध छौ । नगरपालिकालाई समृद्ध बनाई नगरबासीहरुलाई सकारात्मक परिवर्तनको अनुभुति दिलाउनु हाम्रो कर्तब्य हुन आउछ । केन्द्र सरकार, प्रदेश सरकार, छिमेकी स्थानिय सरकार र अन्य स्थानिय सरकार संगको समन्वय तथा सहकार्यमा र नगरपालिकाको आफ्नो प्रयासमा नगरपालिकाको सर्वाङ्गिण विकासमा ध्यान पुर्‍याउदै नगरवासीको हित लाई कायम राखि नगरपालिकालाई समृद्ध बनाउनु यस वनगाड कुपिण्डे नगरपालिकाको प्रमुख नीति रहेको छ ।

नगर सभासद ज्यू हरु,

"समृद्ध वनगाड कुपिण्डे नगर : खुसि नगरवासी भन्ने सोच ,सुविधा सम्पन्नको लक्ष्य तथा प्रविधियुक्त पूर्वाधार र सुखी सम्पन्न वनगाड कुपिण्डे वासीको मुहार " भन्ने उद्येश्य प्राप्त गर्न देहाय वमोजिमका नीतीहरु यँहाहरु समक्ष प्रस्तुत गर्दछु ।

## <u>वनगाड कुपिण्डे नगरपालिकावाट अवलम्बन गरिएका विभिन्न नीतिहरु</u>

### <u>कृषि क्षेत्र</u>

- कृषि योग्य क्षेत्रको छनौट गरी वाताबरण अनुकूलको कृषि उत्पादनमा जोड दिईने छ ।
- कृषि उत्पादनमा उल्लेख्य बृद्धि ल्याउन आधुनिक कृषि प्रणालि तथा औजार उपकरणहरुको प्रयोग गरीने छ ।
- स्थान विशेषको आधारमा उत्पादन पकेट क्षेत्र निर्धारण गरी खाद्यान्न,तरकारी,फलफूल आदिको उत्पादन संभाव्यता अध्ययन अनुसन्धान,संकलन,प्रशोधन,भण्डारणको उचित व्यवस्था मिलाईने छ ।
- कृषि क्षेत्रमा पहिचान दिन सक्ने गरी आवश्यकता अनुसार बिज्ञ ,बिशेषज्ञ वा वैज्ञानिकहरुको ज्ञान,सीप र सेवा उपलव्ध गराईने छ । कृषकहरुलाई तालिम,शिक्षा,अवलोकन भ्रमण को व्यवस्था मिलाईने छ ।
- अनिवार्य रुपमा एक घर एक करेसावारीको स्थापना अनिवार्य रुपमा गरीने छ।
- कृषकहरुलाई आवश्यक पर्ने मल ,विउ,औजार उपकरणहरु सरल र सहज ढंगवाट उपलव्ध गराईने छ

- व्यवसायिक कृषि उत्पादनमा उल्लेख्य बृद्धि ल्याउन आवश्यकताअनुसार व्यावसायिक कृषकहरु लाइ प्रोत्साहन स्वरुप विभिन्न प्रकारका अनुदानहरु उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।
- व्यवसायिक फलफूल खेती ,अदुवा,वेसार खेती,दुग्ध व्यवसाय,पशुपंक्षी पालन,तरकारी खेती जडीवुटी खेती लाई प्राथमिकतामा राखिने छ ।
- कृषि उत्पादनमा अत्यधिक मात्रामा प्रयोग गरीने विषादीको प्रयोगलाई न्यूनिकरण गरिनेछ ।
- कृषि औजार ,विउ विजन तथा अन्य सामग्रीहरु सर्व सुलभ ढंगवाट कृषकहरुलाई उपलब्ध गराउन सवै वडाहरुमा एग्रोभेट स्थापना गरिने छ ।
- कृषक पाठशालाको व्यवस्था गरीने छ ।
- साना कृषकहरुलाई प्रोत्साहन स्वरुप विषयगत अनुदानको व्यवस्था गरिने छ ।
- कृषकहरुवाट उत्पादित वस्तुहरु कम्तीमा १ वर्ष भण्डारण हुन सकोस भन्ने हेतुले नगरक्षेत्रमा शित भण्डारण को व्यवस्था मिलाईने छ ।
- नगर क्षेत्र भित्र विषादी मुक्त तरकारी तथा फलफूल खेतीलाई प्रोत्साहित गर्नका साथै दुधजन्य र मासुजन्य उत्पादनलाई व्यवसायीकरण गर्नका लागि उत्पादनकर्ता कृषकलाई राजश्वमा १० प्रतिशत छुट गरी आत्मनिर्भर वनाईने छ।
- उत्पादित कृषिजन्य वस्तुहरुको ग्रेडिङ ,लेभलिङ,प्याकेजिङ तथा वजारको व्यवस्थाको लागि आवश्यक कार्यक्रमहरुको तर्जुमा गरीने छ ।

पशुपालन

- वनगाड कुपिण्डे नगरपालिका क्षेत्र भित्र पशुपालन अनुकूलका उपयुक्त स्थानको छनौट गरी नीजि क्षेत्र संगको सहभागिता र सहकार्यमा उन्नत  पशुपालन व्यवसाय गरीने छ । व्यावसायिक रुपमा पशुपालन गरी गौमूत्र र गौरस भण्डार (भकारो सुधार कार्यक्रम ) गरी कृषि क्षेत्रमा किटनाशक औषधिको रुपमा प्रयोग गरेमा उक्त कृषकलाई व्यवसाय करमा छुट दिईने छ ।
- पशुपालन व्यवसायवाट उत्पादन हुने स्वस्थ र ताजा माछा ,मासु , दुग्ध जन्य पदार्थहरु प्रशस्त मात्रामा उपलब्ध गराउन वाताबरण अनुकूलका उपयुक्त स्थानको छनौट गरीने छ ।
- मासु जाँच ऐन सम्बन्धि मापदण्डहरुको पालना गर्दै व्यवस्थित पशु बधशाला को व्यवस्था गरीने छ।
- वडागत रुपमा वजार क्षेत्रको पहिचान गरी पशु पंक्षी तथा माछा मासु एवं दुध जन्य पदार्थको आपूर्तिमा सहजता ल्याईने छ ।
- नगर क्षेत्रमा प्रसस्त मात्रामा पशु जन्य पदार्थ उत्पादन गर्न कृषकहरुलाई प्रेरीत गर्नुका साथै आवश्यक तालिम,अध्ययन अनुसन्धान,अवलोकन आदिको उचित प्रवन्ध मिलाईने छ ।
- व्यावसायिक पशुपालकहरुको पहिचान गरी पशुपालन क्षेत्रमा नगरपालिकाको तर्फवाट आर्थिक अनुदान तथा सर्व सुलभ कर्जाको व्यवस्था समेत मिलाईनेछ ।
- पशुपंक्षी पालनको क्षेत्रमा व्यवसायीहरुलाई नियमानुसार अनुदान दिने व्यवस्था मिलाईने छ ।
- निजि क्षेत्र संगको सहकार्य र साझेदारीमा सामुदायीक कुकुर नियन्त्रण,छाडा चौपाया नियन्त्रण,महामारी रोगको नियन्त्रणका लागि जन चेतनामूलक कार्यहरु गरीने छ ।

- बंगुर तथा कुखुरा पालन,पशुपंक्षी वजार प्रवर्द्धन,पशु आहार विकास,पशु स्वास्थ्य नियमन कार्यक्रम तथा पशु विकास कार्यक्रम को लागि आवश्यक कार्यक्रम वनाई कार्यान्वयन गरीने छ ।

**वातावरण संरक्षण**

- सरसफाई सम्बन्धि नगर स्तरीय जनचेतना फैलाउने कार्य गरीने छ ।
- नगर भित्रको उपयुक्त स्थानहरुमा प्रतिक्षालय,पार्क, चिल्ड्रेन पार्क आदिको निर्माण गरीने छ ।
- नगर वजार सडकको किनारा तथा घर आंगनमा विभिन्न जातका फलफूलका विरुवाहरु तथा फूलका वगैचाहरुको निर्माण गर्न समुदायलाई प्रोत्साहित गर्ने कार्य गरीने छ ।
- नगरको सवै वडाहरुमा एकैसाथ व्यापक रुपमा विरुवा बृक्षारोपण गरीने छ ।
- नगर भित्र जडीबुटि बिकास कार्यक्रम,बृक्ष,सुधार,बृक्षारोपण तथा निजी वन कार्यक्रम,सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम,स्थानिय स्तरमा संचालन हुने भू संरक्षण कार्यक्रम नियमित रुपमा संचालन गरीने छन ।

**पर्यटन विकास**

- नगर भित्र रहरेका सवै प्रकारका ऐतिहाँसिक,पुरातात्वीक,सास्कृतिक सम्पदाहरुको लगत अध्यावधिक राखिनेछ ।
- सवै प्रकारका सम्पदाहरुको संरक्षण,सम्बर्द्धनको विकासका लागि जनसहभागितामा आधारित सम्पदा संरक्षणको कार्यलाई प्राथमिकतामा राखिने छ ।
- विभिन्न ऐैतिहाँसिक सम्पदाहरुको पुनः निर्माण वा जिर्णोद्धारमा लगानी गरीने छ । यस्तो कार्यमा विज्ञ तथा विशेषज्ञहरुको समेत राय परामर्स लिई स्थानिय मठ,मन्दीर,गुफाहरुको पौराणीक,सांस्कृतिक,ऐतिहाँसिक कलात्मक स्वरुप र महत्वलाई कायमै राखिने छ ।
- श्रोतको पहिचान गरी सार्वजनिक निजी साझेदारीमा संग्रहालयको स्थापना गरीने छ ।
- परम्परागत भाषा,लिपी,जात्रा,पर्व,कला संस्कृतिको पूर्णरुपमा संरक्षण जगेर्ना गरीने छ ।
- नगरक्षेत्र भित्र रहेको एक मात्र पर्यटकिय क्षेत्र कुपिण्डे ताललाई व्यवस्थाथित गर्न DPR निर्माण गरी विभिन्न भौतिक पूर्वाधारको निर्माण गरिनुका साथै विभिन्न सञ्चार माध्यमबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा प्रचार प्रसार गरिदै जाने नीति अवलम्वन गरिनेछ ।
- पर्यटन विकासलाई आर्थिक मेरुदण्डको आधार मानी चालु आव भित्रै नगरपालिका भित्र पर्यटकिय स्थानलाई पहिचान गरी दीर्घकालिन पर्यटन गरुयोजना तयार गरी सोही अनुरुप पर्यटन पूर्वाधारमा वजेटको विनियोजनगरीने छ ।
- नगर भित्र उपयुक्त स्थानहरुमा जेष्ठ नागरिक मिलन चौतारी स्थापना गरी जेष्ठ नागरिकहरुको भेटघाटको व्यवस्था मिलाइने छ ।

**उद्योग वाणिज्य**

- विभिन्न प्रकारका रोजगारमूलक ,आयमूलक रोजगारको अवसर सिर्जना गर्न प्रभावकारी कार्यक्रहरुको तर्जुमा गरीने छ ।
- सवै क्षेत्र र वर्गहरुको लागि सीप विकास तथा क्षमता विकास तालिमहरु संचालन गरीने छ ।
- साना घरेलु तथा लघु उद्यम स्थापनामा आर्थिक प्राविधिक सहयोगको व्यवस्था मिलाईने छ ।
- नगरभित्र संचालनमा रहेका विभिन्न घरेलु तथा कुटीर उद्योगहरुको लगत अध्यावधिक गरी अझै व्यवस्थित र उत्पादनमुखी वनाउन कार्यविधिको आधारमा आर्थिक अनुदान प्रदान गरीने छ ।

- यस कार्यक्रम अन्तर्गत विभिन्न जातजाती दलीत तथा पिछडिएका वर्ग महिलाहरुको लागि सिपमा आधारीत सानातीना घरेलु उद्योग व्यवसायको व्यवस्थापन तथा यस कार्यको लागि आवश्यक पर्ने आर्थिक कोष व्यवस्थापन समेत गरीने छ ।
- शून्य प्रविधिमा संचालनमा रहेका घरेलु उद्योग जस्तै घरेलु हातहतियार,माटोका भाँडा,खेलौना,मूर्ति,डोरी,मुढा ,ढाँका कपडा वुनाई,सिलाई कटाई ,अचार ,सेलरोटी आदिमा राजश्व छुट दिने व्यवस्था मिलाईने छ ।

सहकारी तथा वित्तीय संस्था

- वनगाड कुपिण्डे नगरपालिका १२ वडाहरुमा विभिन्न प्रकृतिका स्थान अनुकूल सहकारी संस्थाहरुको स्थापना गरी नागरिकहरुको आर्थिक तथा समाजिक विकासमा जोड दिईने छ ।
- स्थापना गरिएका सवै सहकारी संस्थाहरुको नियमित अनुगमन तथा नियमन कडाईका साथ गरीने छ ।
- आवश्यकता भन्दा वढि दर्ता गरिएका सहकारी संस्थाहरुलाई एकीकरण गरी गुणस्तरीय सेवा प्रदान गर्न प्रेरीत गरीने छ ।
- विभिन्न सहकारी तथा वित्तिय संघ संस्थाहरुवाट सर्व सुलभ ढंगवाट ऋण प्राप्त गर्ने व्यवस्था मिलाई नागरिकहरुलाई हरेक क्षेत्रमा व्यावसायिक वन्न प्रेरीत गरीने छ।
- सहकारी संस्थाहरुवाट रेमिटान्स सेवा संग आवद्ध गरी सहकारी संस्थाहरुवाट समेत रेमिटान्स सेवा उपलव्ध गराउन समेत उत्प्रेरीत गरीने छ ।
- नगर क्षेत्र भित्र रहेका वैंक तथा वित्तिय संस्थाहरु र सहकारी संस्था आदिलाई समय समयमा लोक कल्याकारी कार्यहरु गर्नको लागि परिचालन गरीने छ ।

युवा सहभागिता तथा खेलकूद

- नगर क्षेत्र भित्र मद्यपान,धुम्रपान,लागु औषधको प्रयोगलाई पूर्णरुपमा नियन्त्र गर्न युवाहरुलाई परिचालन गरी उनिहरुलाई सधै उर्जाशिल र सक्रिय वनाई राख्न युवा अभियानको रुपमा कार्य थालनी गरीने छ साथै युवा विकास संग सम्बन्धित सवै प्रकारका खेलकूद, साहित्य, कला संगित जस्ता विविध क्रियाकलापहरु संचालन गर्न नगरबाट आर्थिक सहयोग उपलव्ध गराईने छ ।
- खेलकूद संग आवद्ध संघ संस्थाहरुलाई क्रियाशिल गराउन खेलकूद क्षेत्रलाई नगरको पर्यटन विकास संग जोडन समेत आर्थिक सहयोगको व्यवस्था मिलाईने छ । जिल्ला खेलकूद विकास समिति एवं विभिन्न खेलकूद संघहरुको सक्रियतामा खेलकूद प्रशिक्षण कार्यक्रमहरु संचालन गरीने छ।
- वनगाड कुपिण्डे नगरपालिका अन्तर्गत रहने खेलकूद प्रशिक्षकहरुको समेत व्यवस्था गरीने छ ।
- विदेशवाट सीप सिकेर स्वदेश फर्कि सिप सदुपयोगको कार्य गर्ने युवाहरुको पहिचान गरी प्रोत्साहन अनुदान उपलव्ध गराईने छ ।
- यस नगरपालिका भित्र बृहत रंगशाला निर्माण गरिने छ त्यसका लागी देवस्थलको राताचौरमा यसै वर्ष भित्र संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाको आर्थिक सहयोगमा खेलकुद मैदानको निर्माण गरिनेछ र त्यस स्थानलाई क्रमिक रुपमा रंगशाला निर्माणमा परिणत गरिनेछ ।

शिक्षा

- नगर भित्रका प्रतेक विद्यालयहरुमा समय सापेक्ष वैज्ञानिक तथा प्राविधिक शिक्षा प्रणाली विकास गरीने छ । नगरभित्र संचालित इन्जीनियरिङ्ग ,कृषि तथा प्राविधिक शिक्षाको स्थापना तथा सञ्चालनका लागी आवश्यक कार्यक्रम वनाईने छ र सम्वन्धित निकाय संग माग गर्न आवश्यक पहल चालिने छ साथै नगर भित्र डिग्री कलेज स्थापनार्थ आर्थिक सहयोग उपलव्ध गराईने छ ।

- विद्यालयहरुको भौतिक संरचना निर्माणमा सहयोग उपलब्ध गराईने छ ।
- जोखिममा परेका वा आर्थिक अवस्था कमजोर भएका जेहेन्दार वालवालिकाहरुलाई छात्रबृत्तिको व्यवस्था मिलाईने छ ।
- जेहेन्दार छात्र छात्राहरुलाई उच्च शिक्षाको लागि विशेष छात्रबृत्तिको व्यवस्था मिलाईने छ ।
- सडक वालवालिका, वालश्रमिक, विपद वा हिंसावाट असहाय वनेका वाल वालिकाहरुको पहिचान सहित उनीहरुलाई वाल गृहमा व्यवस्थापन गर्ने, अभिभावकत्व ग्रहण गराई जिम्मा लगाउने लगायत शिक्षा प्राप्त गर्ने यथेष्ट अवसर प्रदान गरीने छ ।
- वाल अधिकार र वाल कल्याणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुसंग सहकार्य गरी शिक्षा क्षेत्रमा अधिकारको सुनिश्चितता गरीने छ ।
- हरेक वर्ष विद्यालयहरुमा कक्षा थप गर्न तथा नँया विद्यालय खोल्ने स्वीकृतीका लागि निश्चित समयमा सूचना आह्वान गरीने छ ।
- सामुदायिक तथा निजी विद्यालयहरुको स्कूल ड्रेस तथा शुल्कमा एक रुपता ल्याइने छ।
- नगर भित्रका विद्यालयहरुमा अध्ययनरत हरेक वर्ष उत्कृष्ट अंक प्राप्त गरी विशेष स्थान प्राप्त गर्ने छात्र वा छात्राहरुलाई प्रोत्साहन पुरुस्कार प्रदान गरीने छ ।
- नगर भित्र रहेको विद्यालय तथा क्याम्पसहरुको निरन्तर रुपमा स्तर बृद्धि गर्दै स्थानिय स्तरमानै उच्च शिक्षा प्राप्त गर्ने वाताबरण मिलाइने छ ।
- आर्थिक संकटमा रहेका शिक्षण संस्थाहरुलाई आयश्रोतको आधारमा आर्थिक सहयोग समेत उपलब्ध गराईने छ ।
- विद्यालयहरुमा वैकल्पीक उर्जाको लागि सोलार प्यानल जडान गर्न क्रमशः आवश्यक म्याचिङ फण्ड उपलब्ध गराइने छ ।
- विद्यालयहरुमा वाताबरण प्रबर्द्धन कार्यक्रम लागु गर्ने र उत्कृष्ट विद्यालय (एक नीजि र एक सामुदायिक) छनौट गरी पुरुस्कृत गरिने छ ।
- प्राविधिक क्षेत्रमा नँया सोच तथा आविष्कार गर्ने विद्यार्थीलाई प्रोत्साहित गरिने छ ।
- समाजमा विभिन्न क्षेत्रमा विशिष्टता प्राप्त गरेको व्यक्तिहरुलाई सम्मान गरीने छ ।
- हरेक वर्ष कम्तीमा २ पटक शिक्षक तथा अभिभावकहरु विचमा शैक्षिक अन्तक्रियाको आयोजना गर्न लगाइने छ ।
- विद्यालयमा विद्याार्थी संख्याको आधारमा शिक्षक दरवन्दीको लेखाजोखा गरी शिक्षकहरुको व्यवस्था मिलाइने छ ।

<u>स्वास्थ्य</u>

- नगर भित्र पूर्वाधारयुक्त अस्पताल,स्वास्थ्य क्लिनिकहरु,खोपकेन्द्रहरुको विस्तार गरी उपचार सेवा तथा आवश्यकता अनुसार विशेषज्ञ सेवा उपलब्ध गराईने छ ।
- लक्षित वर्गलाई सहुलियत सहितको स्वास्थ्य सेवा उपलब्ध गराईने छ ।
- स्वास्थ्य सेवा उपलब्ध गराईने स्थानमा वालवालीका,अपांग,जेष्ठ नागरिक तथा महिला मैत्री पूर्वाधार तथा सेवाको स्थापना गरीने छ ।
- सरकारी तथा नीजि स्वास्थ संस्थाहरुको सक्रियतामा विशेषज्ञ सेवा सहित विभिन्न समयमा घुम्ती शिविरहरुको आयोजना गरीने छ ।

- परिवार नियोजन,सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्य, वाल स्वास्थ्य, सुनौला हजार दिन, क्षयरोग नियन्त्रण, यौन रोग र एच आई भि एड्स नियन्त्रण, कुष्टरोग नियन्त्रण, लागु औषध तथा दुर्व्यसन, वाताबरणीय स्वास्थ्य र सरसफाई, दीर्घरोग सम्बन्धमा निरोधात्मक, प्रवर्धनात्मक र उपचारात्मक कार्यहरु गरीने छ ।
- महामारी तथा संक्रामक रोग निन्त्रणका लागि तत्काल सम्बन्धित निकायमा सूचना गरीने छ र रोकथामको पहल गरीने छ ।
- नगर भित्र संचालित स्वास्थ्य कार्यक्रहरु मध्ये
- क.प्राथमिक स्वास्थ सेवा प्रदायक संस्थाहरु, स्वास्थ केन्द्र, स्वास्थ चौकी उप चौकीहरु तथा आर्युर्वेद औषधालयहरुको संचालन खर्चको व्यवस्था सहित व्यवस्थापन पक्षलाई आकर्षक तथा समय सापेक्ष वनाइने छ ।
- ख. स्वास्थ शिक्षा तथा सूचना कार्यक्रम, आयुर्वेद सेवा कार्यक्रम, औषधि तथा भ्याक्सीन सामग्रीहरुको यथोचित व्यवस्था मिलाईने छ ।
- महिला स्वास्थ स्वयंसेविकाहरु, स्वास्थ आमा समूहहरुको लागि आवश्यक प्रशिक्षणको व्यवस्था गरीने छ ।
- ७५ वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई घरदैलामा नै गएर निशुल्क स्वास्थ सेवा उपलव्ध गराईने छ ।
- महिला स्वास्थ स्वयंसेविकाहरुको सेवालाई कदर गर्दै निजहरुले नगरपालिकावाट लिने सेवा वापतको दस्तुर,शुल्क,महसूलमा छुट दिइने छ ।
- महिला स्वास्थ्य स्वयं सेविकाहरुको मासिक भत्तामा समय सापेक्ष बृद्धि गरीने छ ।
- आकस्मिक रक्त सन्चार सेवालाई  व्यवस्थित गर्न नगर क्षेत्रभित्र एक (Blood Bank)  को स्थापना गरिने छ ।
- आर्युवेद शाखाबाट उपलव्ध गराईने स्वास्थ्य सेवालाइृ अझैवढि प्रभावकारी कार्यान्वयन तथा आर्युवेद चिकित्सा पद्धतिको प्रभावकारी विकासको लागि समेत परिपूरक चिकित्साको रुपमा विकास गरीने छ ।

<u>खानेपानी तथा सरसफाई</u>

- पहिचान गरिएका स्थानमा विभिन्न प्रकारको मैत्रीपूर्ण सार्वजनिक शौचालयहरुको निर्माण गरीने छ ।
- पुराना प्लाष्टीक कागजहरुलाई पुन प्रयोग गर्ने उद्योगलाई प्रोत्साहन गरीने छ । साथै कुहीने तथा नकुहीने गरी वर्गीकरण गर्ने व्यवस्था मिलाईने छ ।
- कुहीने वस्तुलाइ कम्पोष्ट मल वनाउन समुदाय स्तरमा प्लान्ट स्थापना गरीने छ ।
- समुदाय स्तरमा शहरी सरसफाई जनचेतनामूलक कार्य गरीने छ  साथै पुन प्रयोग गर्न सकिने फोहरवाट विभिन्न सामग्रीहरु वनाउन सकिने तालिम संचालन गरीने छ ।
- फोहरमैला व्यवस्थापन स्थानमा आवश्यक प्रविधि प्रयोगमा ल्याईने छ ।
- फोहरमैला व्यवस्थापन गतिविधिहरुको अनुगमन तथा मूल्यांकन कार्यलाई व्यवस्थित गराइने छ ।
- स्थानिय समुदायको सक्रियतामा नगर क्षेत्र भित्र नँया उद्यान विकास गरीने छ ।
- आवासिय घर, विद्यालय, सार्वजनिक संरचना लगायतमा वर्षाको पानी संकलन र भण्डारण प्रविधिमा नागरिक सचेतना बृद्धि गर्ने कार्यक्रम संचालन गरी यस्तो कार्यमा अनुदान सहयोग समेत गरीने छ ।
- खानेपानीको आपूर्ति सहज वनाउन स्थानिय मूल, धारा पंधेरा संरक्षणमा जोड दिईने छ । साथै

सौर्यशक्तिको प्रयोग गरी गाँउ वस्तीमा खानेपानीको अभावलाई हटाउने कार्यक्रहरु संचालन गरीने छ ।

- पानीवाट फैलिने विभिन्न प्रकारका प्रदुषणहरुलाई निमूल पार्ने कार्यक्रमहरु संचालन गरीने छ ।
- वर्तमान समयमा शहरी क्षेत्रमा संचालन गरीर्दै आएका नविनतम प्रविधिमा आधारीत शौचालय निर्माण तथा प्रयोगमा जोड दिईने छ ।

**कला संस्कृती प्रवर्द्धन**

- बनगाड कुपिण्डे नगरपालिका भित्र वसोवास गर्ने सवै जात जाती धर्म समुदायहरु वीच रहेको परम्परागत कला, संस्कृती, भेषभुषा, मातृभाषा आदि लाई नगरकै शोभाको रुपमा लिई संरक्षण तथा जगेर्ना गर्ने कार्य गरीने छ ।
- कला तथा संस्कृति संग जोडिएका विषयहरुको विकासको लागि क्रियाशिल युवा क्लव तथ अन्य संघ संस्था, समूहहरुलाइ उपकरणहरु उपलव्ध गराईने छ ।
- विशेष चाड पर्व आदि समयमा कला तथा संस्कृतिको प्रतिस्पर्धात्मक कार्यक्रहरुको आयोजना गरी प्रोत्साहन प्रदान गर्ने कार्य गरीने छ ।
- वनगाडी संस्कृतिलाई जगेर्ना गर्न विशेष किसिमका कार्यक्रमहरुको आयोजना गरिनेछ ।

**लैङ्गिक समानता र सामाजिक समाबेशीकरण**

- महिला शसक्तिकरण सवै प्रकारका हिंसा विरुद्धमा जनचेतना, मानव अधिकार तथा प्रचलित कानूनको जनचेतना अभिबृद्धि गरीने छ ।
- योजना तर्जुमा प्रक्रियामा महिला तथा वालवालिकाको सहभागिता सुनिश्चित गर्दै लगिने छ । सामाजिक रुपमा पिछडिएकावर्गहरुको उत्थानका लागि सामाजिक सचेतना प्रवर्द्धन सम्बन्धि क्रियाकलापहरुको आयोजना गरिने छ । वाल वालिकाहरुको शारिरीक र मानसिक विकासमा सहयोग पुऱ्याइने छ ।
- जेष्ठ नागरिकहरुको सम्मानको लागि सवै वडाहरुमा कार्यक्रमको तर्जुमा गरीने छ ।
- युवा तथा महिलाहरुको सीप तथा रुचीको आधारमा रोजगारी सिर्जना हुने विभिन्न प्रकारका तालिम तथा अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाईने छ ।
- वालमैत्री ,जेष्ठ नागरिक ,अपांग असक्त ,असहाय, वेवारीसेहरुको हितलाई ध्यानमा राख्दै सम्बन्धित संघ संस्थाहरुको सहकार्यमा आर्थिक सहयोग उपलव्ध गराईने छ ।
- नगरका सम्पूर्ण नागरिकहरु सहित स्वस्थ र खुशी समाज निर्माणको लागि ,समस्त नगरवासीहरुको उच्च र गुणस्तरीय जीवनको लागि नगरपालिकावाट तर्जुमा गरीने सवै योजना तथा आयोजनाहरुमा कुनै पनि लैंगिक तथा सामाजिक समाबेशिकरण भेदभाव गरीने छैन ।
- महिला विरुद्धको लैगिक तथा घरेलु हिंसा, महिला हकहित तथा सीप विकास, गृहीणी महिलाहरुको लागि वाताबरणमैत्री सचेतना कार्यक्रम संचालन गरीने छ ।
- बनगाड कुपिण्डे नगरपालिका भित्रका द्वन्द प्रभावितहरुलाई उनीहरुको प्रमाणको आधारमा स्वास्थ्य क्षेत्रमा निशुल्क उपचारको साथै नगरपालिकामा वुझाउनु पर्ने सवै बिसिमका करहरुमा छुट दिने व्यवस्था मिलाईनेछ साथै उनीहरुको सीपको आधारमा उद्यमशिलताको विकास गरी आत्मनिर्भर वनाउने कार्यक्रमहरुको आयोजना गरीनेछ ।

**सडक निर्माण**

- नगर यातायात सडक गुरु योजनालाई अझ व्यवस्थित गर्दै नगर गुरु योजनामा समावेश गरिएका सडकहरुलाई मात्र स्तरोन्नती वा सुधार गरिने छ ।

- वातावरणीय प्रतिकूल हुनेगरी जथाभावि सडक विस्तार गर्ने कार्यलाई निरुत्साहीत गरीने छ ।
- प्रतेक वडा सदरमुकाम सम्म सडक सन्जाल जोडिने छ ।
- नगर भित्र रहेका अधुरा तथा क्रमागत सडक सम्पन्न गर्न प्राथमिकतामा राखिने छ ।
- सडक मर्मत सुधार कोषको स्थापना गरी मर्मत संभार गर्ने प्रक्रियाको थालनी गरीने छ ।
- हरेक सडकको दाँया वाँया किनारामा मौसम अनूकुलका विरुवाहरु बृक्षारोपण गर्ने र संरक्षण गर्ने कार्यलाई अनिवार्य गरीने छ ।
- जन सहभागिता समेत परिचालन गरी नयाँ सडक निर्माण र पुराना सडक विस्तार तथा स्तरोन्नती गरीने छ ।
- नगर क्षेत्र भित्र महत्वपूर्ण स्थानहरुलाई जोड्न तथा पर्यटकिय दृष्टिकोणले महत्वपूर्ण स्थानहरुलाई समेत जोड्न रिङ्ग रोडको DPR समेत भएकाले सोही बमोजिम रिङ रोड निर्माण गरिनेछ ।
- नगर भित्रका सडकहरुको गुरु योजना तयार पार्ने कार्य भइरहेकोमा सोही गुरु योजनाको मापदण्ड वमोजिमनै सडकस्तर उन्नती गर्ने कार्य गरीने छ ।
- नगरपालिकाका सवै वडाहरुलाई नगर केन्द्रसंग र अन्तर वडा सडक संन्जाल निर्माण गरीने छ ।

<u>सिंचाई व्यवस्था</u>

- नगरपालिका क्षेत्रमा सिंचाई सुविधा विस्तार तथा मर्मत संभार गर्न तथा सवै खेती योग्य जमिनमा सत प्रतिशत सिंचाई सुविधाको आवश्यक व्यवस्था मिलाईने छ ।
- भूमिगत स्यालो ट्यूववेल, नँया प्रविधिमा आधारित सिंचाई, स्थल विशेष नदी नियन्त्रण कार्यक्रम का साथै सिंचाई मर्मतसंभारका कामहरु गरीने छ ।
- उत्पादनशिलता वढाउन र व्यावसायिक खेती प्रणालीको विकास गर्न संभव भए सम्म नमूना चक्लावन्दी भूउपयोगको प्रयोग गर्न समुदायलाई प्रोत्साहन गरीने छ ।

<u>भवन र शहरी विकास</u>

- नगर क्षेत्र भित्रका सडक, ढल, सडक वत्ती, खानेपानी, टेलीफोन, विद्युत लगायतका भौतिक पूर्वाधारहरुको अभिलेख अध्यावधिक राखिनेछ ।
- नगरक्षेत्र भित्रका सडकहरु मापदण्डमा उल्लेख भए अनुसार चौडा गर्ने कार्य गरिनेछ ।
- नगरमा संचालिन गरीने सवै प्रकारका पूर्वाधार निर्माणका योजनाहरुमा उपभोक्ताको २० प्रतिशत र नगरको ८० प्रतिशत लागत सहभागितामा योजना तर्जुमा गरी कार्यान्वयन गरीने छ ।
- सार्वजनिक पर्ति जग्गाहरुको लगत अध्यावधिक गरीनुका साथै संरक्षण र उपयोग सम्बन्धि योजना तर्जुमा गरी कार्यान्वयन गरीनेछ ।
- आफनो भवन नभएका वडा कार्यालयहरुको लागि उपयुक्त स्थानमा क्रमशः भवन निर्माण गर्दै लगिने छ र दानबाट जग्गा प्राप्त भएका वडाहरुमा यसै वर्ष म्एच गरी भवन निर्माण कार्य अघि वढाईनेछ ।
- नँया वन्ने भवनहरु भवन आवास मापदण्ड अनुसार मात्र निर्माण गरीने छन ।
- नगरको स्वामित्व, भोगाधिकार र प्रयोगमा रहेका सम्पत्तिहरुको नियमित मर्मत संभार गरीने छ ।
- सार्वजनिक जग्गा अतिक्रमणलाई कडाईका साथ रोक लगाइने छ ।
- नगर क्षेत्र भित्र नँया र व्यवस्थित वस्ती विकासको संभाव्यता अध्ययन अनुसन्धान गरीने छ ।
- ऐन ,कानून, नियिम विपरित कृषि योग्य जमिनलाई दुरुपयोग गरीने छैन ।
- नगर क्षेत्र भित्र रहेका सरोकारवालाहरुसंगको सहकार्यमा सार्वजनिक यातायातका भरपर्दो

साधनहरुको प्रयोग गरीने छ ।

- पहिचान गरिएका नगर भित्रका मुख्य व्यापारिक क्षेत्र लगायत राजस्वमा योगदान दिने क्षेत्रमा प्रभावकारी सडक वत्ती जडान गरीने छ । बनगाड कुपिण्डे न.पा.वडा नं १ सल्लीबजार क्षेत्रको अव्यवस्थित वसोवासलाई व्यवस्थित गरीने छ ।
- बनगाड कुपिण्डे नगरपालिकाको भवन निर्माणका लागी म्एच निर्माण गरी यसै वर्ष सुविधा सम्पन्न भवन निर्माण गरिनेछ ।
- नगर क्षेत्र भित्र एकिकृत वस्ती विकास संभाव्यता अध्ययन गरीने छ ।
- नगर क्षेत्र भित्र ४(चार) तला भन्दा अग्लो भवन वनाउन परेमा अनिवार्यरुपमा माटो र भौगर्भिक परिक्षण गराउनु पर्ने छ यस कार्यकालागी नगरपालिका कडाईका साथ लाग्ने छ अन्यथा नगर कुनै जवाफदेही हुने छैन ।
- भवनहरुको डिजाईन मान्यताप्राप्त ईन्जीनियरहरुवाट गराइने छ ।
- नगर भित्रनँया भवन निर्माण गर्नुपरे अनिवार्यरुपमा भवनको नक्सा पास गर्नुपर्नेछ भवनहरुको नक्सापासका लागि पेशगरेको नक्सामा अनिवार्य रुपमा विभिन्न मैत्रीपूर्ण संरचना (वाल, बृद्ध, अपांगता )उल्लेख गरीएको हुनु पर्नेछ ।
- भवन नक्सा पास सम्बन्धि फाईलहरुको अभिलेख दुरुस्त राखिने छ ।
- नक्सापास नगरी वनाइएका भवनहरुको नक्सा पासगर्न सूचना प्रवाह गरीने छ  तोकिएको समयभित्र नक्सापास नगर्ने घर धनीहरुलाई नगरपालिकावाट दिईने सेवा सुविधामा रोक लगाउनुका साथै अन्य कानून वमोजिम कारवाही गरीने छ ।

<u>लघु उर्जा तथा साना विद्युत</u>

- नगर भित्र लघु उर्जा तथा साना विद्युत आयोजना निर्माण गर्न सकिने स्थानहरुको संभाव्यता अध्ययन गरी संभव हुने भए सम्म विद्युत उत्पादनको कार्य गरीने छ ।
- नगरपालिकाका प्रशारण लाईन जोडिएका वडाहरुमा यसै वर्ष नगरपालिकाबाट रकम विनियोजन गरी वडाहरुमा विद्युत लाईन विस्तार गरिनेछ ।

<u>सूचना तथा संचार</u>

- नगरको सवै वडाहरुमा नविनतम संचार सेवाको विस्तार गरीने छ ।
- नगर भित्र सुविधा सम्पन्न सञ्चार कक्षको निर्माण तथा सूचना प्रवाह कार्यलाई प्राथमिकतामा रीखने छ । नगरवाट सम्पादन गरीने सवै प्रकारका कार्यहरुलाई वैधानिक सफटवेयरको प्रयोग गरी विद्युतिय अभिलेख अद्यावधिक गरीने छ ।
- कार्यालयको कार्य सम्पादनमा सूचना प्रविधिको अधिकतम प्रयोग गरीने छ ।
- सूचना प्रविधिहरुको प्रयोग गरी समस्त नगर क्षेत्रको नियमित निगरानीको साथै सुरक्षा व्यवस्था कायम गरीने छ ।
- नगर भित्रका विशेष महत्वका चोक तथा वजार एवं सम्पदा क्षेत्रमा हुने गतिविधिहरुलाई नियमित निगरानीमा राख्न इन्टरनेट CCTV क्यामेराहरुको जडान गरी संचालनमा ल्याइने छ ।
- स्थानिय संचारकर्मी, संचारगृह, पत्रकारीताको संस्थागत विकास एवं क्षमता विकासको लागि आपसी समन्वय र  सहकार्यमा कार्य गरीनेछ ।
- सल्लीवजारमा फ्रि WIFI Zone स्थापना गरिनेछ र डिजिटल नागरिक वडा पत्र कार्यालय परिषरमा राखिनेछ । साथै नगरपालिकाको गतिविधीहरुलाई देखाउन विभिन्न ठाउहरुमा LED Monitor को

व्यवस्था गरिनेछ ।

बन वातावरण र विपद व्यवस्थापन

- नगर भित्रका सवै सरोकारवालाहरुको सहकार्यमा वन तथा वातावरण सम्बन्धि आवश्यक कार्यहरु गरीनेछ र  जलाधारका कार्यक्रहरु संचालन गरीने छ ।
- वातावरणीय प्रभावलाई कम गर्न व्यापक रुपमा वृक्षारोपण तथा संरक्षण कार्यलाई प्राथमिकतामा राखी कार्य गरीने छ ।
- भेरी नदी संरक्षण ,विभिन्न ठांउमा पोखरीहरुको निर्माण सहित  वातावरणीय विपद तथा फोहरमैला व्यवस्थापनको लागि कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गरीने छ ।
- नगद जन्य वन पैदावार तथा जडीबुटी उत्पादन कार्यलाई विशेष प्राथमिकता दिइने छ । यस कार्यको लागि व्यक्ति तथा वन समुदाय विच आपसी समझदारी गरी भूमीको प्रयोग गर्ने व्यवस्था मिलाइने छ ।
- नगर भित्रका वन उपभोक्ता समूहको आम्दानीलाई नगरवाट पारीत नीति योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा सहकार्यको लागि लगानी गर्न प्रेरीत गरीने छ ।
- नगर क्षेत्र भित्र नर्सरी व्यवसाय संचालन गर्ने व्यवसायीलाई प्रोत्साहन स्वरुप व्यवसाय कर छुट दिईने छ ।
- नगर भित्र रहेका सवै सरकारी कार्यालयहरु संघसंस्थाहरु, सहकारी तथा वित्तिय संस्थाहरु, विद्यालयहरुलाई CLEAN ZONE घोषण गरी सरसफाईको अभियानमा अग्रसर गराईने छ ।
- नगरवाट सम्पादित कार्यहरुको अर्धवार्षिक रुपमा जनतासंग जनप्रतिनिधि (स्वास्थ्य, शिक्षा, कृषि, वन तथा वातावरण, सरसफाई कार्यालय वाट प्रदान गरीने  सेवा प्रवाह आदि) रेडियो वहस कार्यक्रम तथा ५२ हप्ते बनगाड कुपिण्डे नगर विकास रेडियो कार्यक्रम सञ्चार माध्यमहरुसंगको सहकार्यमा संचालन गरीने छ ।

सुशासन तथा संस्थागत विकास

- विभाग वा शाखा अनुसारको वा विषयगत कार्ययोजना तर्जुमा गरीने छ ।
- नागरिक संग प्रत्यक्ष सरोकार राख्ने विषयवस्तुहरुको भरपर्दो रुपमा अध्यावधिक गरी प्रयोगमा ल्याइनेछ । वार्षिक कार्य योजना कार्यान्वयनमा ल्याइने छ । सहरी सुव्यवस्था संग सम्बन्धि जनचेतना कार्यक्रमहरु गरीनेछ ।
- अनियमित भवन निर्माण, जथाभावी फोहर तथा प्रदुषण गर्ने कार्यको नियन्त्रण, छाडा पशु चौपायाहरुको नियन्त्रण, अनियमित सवारी पार्किङ्ग, सडक पेटी अतिक्रमण नियन्त्रण गरीने छ । सुरक्षित, शान्त र हराभरा नगरको निर्माणको लागि सम्बन्धित निकायहरुसंग सहकार्य गरीनेछ ।
- प्रत्येक कर्मचारीलाई सूचकसहितको कार्य विवरण दिईने छ । आवश्यकताको आधारमा सवै कर्मचारीहरुलाई विषयगत तालिम प्रदान गरीने छ ।
- विशेषज्ञ सेवा, करार सेवा गरी कार्यालयको आवश्यकता कार्यवोझ, कामको प्रकृति आदिका आधारमा दरवन्दी समेत किटान गरी संगठनात्मक संरचना पुनरावलोकन गरीने छ ।
- कर्मचारीहरुको कार्य सम्पादनको आधारमा दण्ड तथा पुरुस्कारको व्यवस्था गरीने छ ।
- मेल मिलाप पद्धतिलाई संस्थागत गरी प्रभावकारी रुपमा कार्यान्ववयन गर्न मेल मिलाप प्रक्रियालाई सरल वनाईनेछ ।
- कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि निम्नानुससारका तालिम ,गोष्ठि तथा अवलोकन भ्रमणको

आयोजना गरीनेछ । क्षमता अभिमुखीकरण, पञ्जीकरण, कार्यालय व्यवस्थापन, सामाजिक सुरक्षा, राजस्व प्रशासन तालिमहरुको आयोजना गरीनेछ ।

- नगर सुरक्षाको लागि आवश्यकताको आधारमा नगर प्रहरीको व्यवस्था मिलाईने छ ।

<u>राजस्व परिचालन</u>

- एकिकृत सम्पति कर लागु गर्न आवश्यक तयारी गरीनेछ ।
- करको संभावित नयाँ क्षेत्रको पहिचान अध्ययन गरीने छ ।
- कर तथा राजस्वको दायरामा आउन छुटेका व्यक्ति तथा संस्थाहरुलाई करको दायरामा ल्याइने छ ।
- करदाताहरुको अभिलेख प्रविधिमा आधारीत गरीने छ ।
- करको दर घटाई दायरा विस्तारमा जोड दिइनेछ । राजस्व संकलन भौतिक पूर्वाधारहरुको विकास सहित प्रमाणित सफटवेयरमा राखिने छ ।
- नगर सेवा तथा करदातामैत्री सहयोगी कक्ष (Help Desk) स्थापना गरीने छ
- सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुसंग कर सम्बन्धि सूचना आदान प्रदान गरीने छ ।
- सवारी कर असूल गर्ने कार्यको थालनी गरीने छ ।
- राजस्व संकलन र बाँडफाँडको विधि एवं प्रक्रियाको निर्धारण गरीने छ ।
- चालु आर्थिक वर्ष देखि घर वहाल कर संकलन गरीनेछ । घर वहाल कर प्रयोजनको लागि क्षेत्र निर्धारण गरेर न्यूनतम मासिक दर कायम राखेर राजस्व संकलन गरीनेछ ।
- व्यवसाय कर संकलनका लागि वडा कार्यलयहरुमा व्यवसाय दर्ता गरी व्यवसाय लगत राखी व्यवसाय दर्ता अभियानको रुपमा संचालन गरीने छ ।
- नगरपालिका क्षेत्र भित्रको राजस्व चुहावटलाई नियन्त्रण गर्नका लागि टोली खटाई व्यापार व्यवसायहरुको अद्यावधिक लगत तयार गरी करको दायरामा ल्याईने छ ।
- वडा कार्यालयहरुको प्रभावकारी व्यवस्थापन गरी वडा कार्यालयमा व्यापार व्यवसायको लगत संकलन, दर्ता र नविकरणको व्यवस्था मिलाईने छ ।
- प्रभावकारी लेखा कार्यान्वयनको लागि कर्मचारीको क्षमता अभिबृद्धि गरीने छ ।
- आर्थिक क्रियाकलापहरुको दुरुस्त अभिलेख राखिने छ ।
- आर्थिक क्रियाकलापहरुको निश्चित समयमा नगरको वेभसाइट वा सूचनापाटीमा सार्वजनिक गरीने छ ।
- आर्थिक प्रतिवेदन नियमितरुपमा सम्बन्धित निकायमा पठाइने छ ।
- वहुवर्षिय खर्च र राजस्व पूर्वानुमान पद्धतीको आधारमा वजेट तथा कार्यक्रको तर्जुमा गरीने छ।
- नियमानुसार आन्तरीक तथा अन्य लेखापरिक्षण तोकिएको समयमानै गराइने छ ।
- प्रचलित कानून वमोजिम लेखा प्रणालीलाई दुरुस्त राखिने छ र सम्पन्न आयोजनाहरुको कार्यमूलक लेखापरिक्षण गरीनेछ ।
- नगरवाट प्रदान गरीने सेवा प्रबाहलाई अझ वढि ससेवाग्राही मैत्री वनाउन कर्मचारीहरुमा रहरले काम गरौं- हाँसेर सेवा गरौं भन्ने भावनाको विकास गरीनेछ ।
- नगरपालिका तथा सवै वडाहरुमा सुझाव पेटीका, गुनासो सुनुवाई पुस्तिका, वडा पत्र, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था मिलाई शु सासनयुक्त काम कारवाहीको परिचय दिईने छ ।

- नगर तथा वडाहरुवाट सम्पादित सवै कामहरुको वारेमा जनताहरुलाई सूसुचित गर्नको लागि वर्षमा १ पटक अनिवार्य रुपमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरीनेछ।

<u>वित्तिय व्यवस्थापन</u>

- सामाजिक सुरक्षा भत्ता वैकिङ्ग प्रणाली मार्फत सम्बन्धित व्यक्तिको खातामा जम्मा गरी वितरण गरीने छ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख अध्यावधिक गरी राखिने छ ।
- प्रचलित कानून वमोजिम स्थापित गर्नु पर्ने लेखा कार्य प्रणाली तथा कार्यविधि वमोजिम वित्तिय जोखीम न्यूनिकरण गरीनेछ ।
- वित्तिय जोखिमलाई कम गर्न उपयुक्त संस्थागत प्रवन्ध मिलाइने छ ।
- नगरवाट संचालित हरेक आर्थिक तथा प्रशासनिक कार्यको सार्वजनिक रुपमा सुनुवाइ गर्ने व्यवस्था अनिवार्य रुपमा मिलाइने छ । सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षणवाट प्राप्त हुन आएका सुझाव तथा टिप्पणीहरुलाई समेत लिपिवद्ध गरी आवश्यकता अनुसार कार्यक्रममा समाावेश हुने व्यवस्था मिलाइनेछ ।
- समपूरक कोष, सडक मर्मत सम्भार कोष, विपद व्यवस्थापन कोष, कर्मचारी कल्याण कोष ,जस्ता आवश्यक कोषहरुको स्थापना गरीनेछ ।
- नगरपालिकावाट वर्ष भरी भए गरेको काम कारवाहीको मूल्याकंनको लागि तथा कार्यक्रमहरुको सुधारात्मक पक्ष, गल्ती व्यवस्थाापन आदि समेतको लागि निर्दिष्ट ढाँचाका फर्मेटहरु तयार पारी हरेक वर्ष वडास्तरवाट समेत नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने कार्य प्रारम्भ गरीनेछ ।
- नागरिक सन्तुष्टि सर्वेक्षणवाट प्राप्त सुझावहरुलाई महत्वपूर्ण सुझावकोरुपमा ग्रहण गरी बनगाड कुपिण्डे नगरपालिकावाट आगामि कार्यक्रमहरु तयार पारी पूर्ण रुपमा नागरिक सन्तुष्टी हुने कार्यक्रहरुको तर्जुमा गरी कार्यान्वयन गरीने छ ।

माथि उल्लेखित नीतिहरुमा बनगाड कुपिण्डे नगरपालिकाको लक्ष्य हाँसिल गर्न समयानुकूल फेर वदल गरी वा परिमार्जन समेत गरी कार्यान्वयन गरीने छ । साथै उल्लेखित नीतिहरुको व्यवस्थित कार्यान्वयनका लागि आवश्यक कार्यविधिहरुको समेत तर्जुमा गरी लागु गरीने छ । धन्यवाद !